बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी मोरङ

## प्रदेश नं. १

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०५।१६

यस बेलबारी नगर कार्यपालिकाको कार्यालय अन्तर्गत तोकिएको कार्यालय र तोकिएको समयमा देहाय बमोजिमका पदमा २०८० असाढ मसान्त सम्मको लागि सेवा करारमा नियुक्ति गर्नु पर्ने भएकोले तपशिलको योग्यता पुगेका नेपाली नागरिकहरुबाट बेलबारी नगरपालिकाबाट स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त फराम पेश गर्न योग्यता प्राप्त इच्छुक सबेको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| विज्ञापन नं. | पद/श्रेणी | सेवा/समुह | पद संख्या | न्यूनत शैक्षिक योग्यता | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०२/०७९/०८० | कृषि स्नातक | कृषि | १ जना | मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विषयमा स्नातक तह उतीर्ण भएको । | रु १०००।- | |
| ०३/०७९/०८० | पशु चिकित्सक | कृषि | १ जना | मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा स्नातक तह उतीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको पशु चिकित्सक । | रु १०००।- | |

**सर्तहरु**

१. दरखास्त दिने स्थानः बेलबारी नगरपालिकाको कार्यालय, बेलबारी मोरङ ।

२. छनौट प्रकृयाः

| क्र.स. | छनौट विधि | अंक | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) | उल्लेखित ८० अंकका आधारमा मूल्याङ्कन गरी माग संख्याको आधारमा समितिले संक्षिप्त सूची प्रकाशन गर्ने |
| २ | सम्बन्धित क्षेत्रको अनुभव | १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) । | |
| ३ | स्थानीयता | १० (दश) अंक<br>१. सम्बन्धित नगरपालिकाको बासिन्दा भएमा - १० अंक<br>२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ५ अंक | |
| | **जम्मा** | ८० | |
| ४ | अन्तरवार्ता | २० अंक<br>यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गरिनेछ । | |

**नोट :** शैक्षिक योग्यता, कार्यअनुभव, स्थानियता र अन्तरवार्तामा प्रदान गर्न सकिने अधिकतम र न्यूनतम अंक लगायतका छनौट विधि/प्रकृया बेलबारी नगरपालिकाको सेवा करारमा प्राविधिक कर्मचारी व्यबस्थापन सम्बन्धि कार्यविधि २०७९ बमोजिम हुनेछ । उक्त कार्यविधि बेलबारी नगरपालिकाको वेवसाइटबाट हेर्न सकिनेछ ।

३. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।

४. सम्पर्क मितिः सूचना प्रकासन भएको सत्रौं दिनमा प्रकासित गरिनेछ ।

५. पशु चिकित्सकको हकमा पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक हुनु पर्नेछ ।

६. काम गर्नु पर्ने स्थान र समयः यस कार्यालय अन्तर्गत तोकिएको कार्यालय र तोकिएको जुनसुकै समय ।

७. तलब सुविधाः अधिकृतस्तर छैठौं तहको शुरु स्केल सरह ।

८. दरखास्त फाराम र सूचना यस बेलबारी नगरपालिकाको कार्यालयको बेभसाइट https://belbarimun.gov.np बाट समेत प्राप्त गर्न र हेर्न सकिनेछ ।

९. दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, कार्य अनुभव भए सोको प्रमाण पत्र, पशु चिकित्सकको हकमा पशु चिकित्सा परिषदमा दर्ताको प्रमाणित प्रतिलिपि र स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपी । यसरी पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

१०. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

११. विदेशी वोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१२. दरखास्त दस्तुर बापतको रकम यस बेलबारी नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फारम साथ राख्नु पर्नेछ ।

१३. यस सम्बन्धमा थप जानकारीको लागि बेलबारी नगरपालिकाको कार्यालय मोरङमा तथा टेलिफोन नम्बर ०२१—४३४२५९ मा सम्पर्क राख्न सकिनेछ ।

१४. अन्तर्वारता सम्बन्धी कार्यतालिका सम्पर्क मितिको दिन प्रकाशन गरिनेछ ।

१५. सम्बन्धित पदलाई आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्र प्रासङ्कका आधारमा मूल्याङ्कन गरिनेछ ।

१६. माथि उल्लिखित विषयहरूको थप प्रष्टिकरण, व्याख्या र सूचनामा उल्लेख नभएका विषयको हकमा बेलबारी नगरपालिकाको सेवा करारमा प्राविधिक कर्मचारी व्यबस्थापन सम्बन्धि कार्यविधि २०७९, स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९, प्रचलित कानुन र पदपूर्ती समितिको निर्णय अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत